केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४११४०७
फ्याक्स : ४१४५५२
E-mail : <bkpromot@htp.com.np>
Web Sites : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/१४/०६५/६६ मिति : २०६५/०६/१७

इजाजतपत्रप्राप्त सम्पूर्ण वाणिज्य बैंक तथा वित्तीय संस्थाहरु,

महाशय,

आर्थिक वर्ष २०६५।६६ को मौद्रिक नीतिमा देहाय बमोजिमको व्यवस्था कायम गर्ने उल्लेख भएको हुंदा सो वमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

१. **स्थायी तरलता सुविधा (Statutory Liquidity Facility) सम्बन्धमा:**

नेपाल सरकारको ट्रेजरी बिल्स र विकास ऋणपत्रको धितोमा अल्पकालीन स्थायी तरलता सुविधा यसअघि वाणिज्य बैंकलाई मात्र दिईएकोमा अबदेखि विकास बैंक र वित्त कम्पनीलाई पनि प्रदान गरिने तथा यस्तो सुविधामा लगाउँदै आएको पेनाल व्याजदर साविकको २.० प्रतिशतबाट ३.० प्रतिशत कायम गरिएको छ । साथै, स्थायी तरलता सुविधा सीमा विद्यमान ७५ प्रतिशतबाट ९० प्रतिशत कायम गरिएको छ । यस सम्बन्धी अन्य व्यवस्था यथावत कायम गरिएको छ ।

२. **अनिवार्य नगद मौज्दात (Cash Reserve Ratio - CRR) सम्बन्धमा:**

वाणिज्य बैंकहरु र चल्ती खाता समेतको निक्षेप स्वीकार गर्ने "ख" र "ग" वर्गका इजाजतपत्रप्राप्त वित्तीय संस्थाले कुल स्वदेशी निक्षेपको आधारमा कायम गर्नु पर्ने अनिवार्य नगद मौज्दात विद्यमान ५.० प्रतिशतबाट वद्धि गरी २०६५ कार्तिक १ देखि लागू हुने गरी ५.५ प्रतिशत कायम गरिएको छ । यसको अनुगमन गर्दा दुई हप्ता अघिको साप्ताहिक औषत निक्षेपको आधारमा गरिने लगायतका अन्य विद्यमान व्यवस्थाहरु यथावत कायम गरिएको छ ।

३. **बैंकदर (Bank Rate) सम्बन्धमा:**

अन्तरबैंक र खुला बजार तथा स्थायी तरलता सुविधाबाट आवश्यक तरलता आपूर्ति हुन नसकेको अवस्थामा यस बैंकमा खाता रहेका वाणिज्य बैंक तथा वित्तीय संस्थालाई बढीमा ६ महिनाको लागि बैंकदरमा अन्तिम ऋणदाता सुविधा दिइने व्यवस्था गरिएको र यस बैंकमा अनिवार्य नगद मौज्दात कायम गर्नको लागि राखेको नगद मौज्दात, नेपाल सरकारको ऋणपत्र र असल कर्जाको धितोमा यस्तो सुविधा प्रदान गरिने छ । विद्यमान बैंकदर ६.२५ प्रतिशतलाई वृद्धि गरी ६.५ प्रतिशत कायम गरिएको छ ।

४. **निर्यात पुनर्कर्जादर (Export Re-financing Rate) सम्बन्धमा:**

नेपाली मुद्रामा प्रवाह हुने निर्यात पुनर्कर्जादरलाई साविकको २.५ प्रतिशतबाट घटाई २.० प्रतिशत कायम गरिएको छ । वाणिज्य बैंकहरूले यो सुविधा उपयोग गरी सम्बन्धित ऋणीलाई ऋण प्रवाह गर्दा ५.० प्रतिशत भन्दा बढी व्याज लिन पाउने छैनन् ।

५. **विपन्न वर्गमा प्रवाह हुने कर्जाको (Deprived Sector Lending) सम्बन्धमा:**

**क.** आर्थिक वर्ष २०६५/६६ देखि वाणिज्य बैंकहरूको लागि विपन्न वर्गमा प्रवाह गर्नुपर्ने कर्जा अनुपात साविकको ३.० प्रतिशत यथावत् कायम गरी २०६५ कार्तिक १ देखि लागू हुने गरी आफ्नो कुल कर्जाको आधारमा विकास बैंकले १.५ प्रतिशत र वित्त कम्पनीले समेत १ प्रतिशत विपन्न वर्गमा अनिवार्य रूपले कर्जा प्रवाह गर्नुपर्ने छ । विपन्न वर्ग सम्बन्धी अन्य व्यवस्थाहरु यथावत कायम गरिएको छ ।

**ख.** वैदेशिक रोजगारको लागि दलित, जनजाति, महिला, उत्पीडित, मधेशी अल्पसंख्यक तथा पिछडिएका वर्गका (नेपाल सरकारले परिभाषा गरे बमोजिम) मानिसहरूले लिएको ऋणको धितोमा वाणिज्य बैंक तथा विकास बैंकहरूलाई रू ५० करोडसम्मको पुनर्कर्जा सुविधा उपलब्ध गराउने व्यवस्थालाई यथावत् कायम गरिएको छ । साथै, यो सुविधामा

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४११४०७
फ्याक्स : ४१४५५२
E-mail : <bkpromot@htp.com.np>
Web Sites : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

लगाइने पुनर्कर्जा दर १.५ प्रतिशत रहने छ र यो सुविधा उपयोग गर्दा वाणिज्य बैंक तथा विकास बैंकहरूले सम्बन्धित ऋणीबाट ४.५ प्रतिशतभन्दा बढी ब्याज लिन पाउने छैनन् ।

६. **आयस्रोत (Income Source) सम्बन्धमा:**

जुनसुकै प्रयोजनको लागि पूँजी वृद्धि गर्ने सन्दर्भमा बैंक तथा वित्तीय संस्थाका संस्थापक/संस्थापक समूहको शेयर खरिद गर्दा संस्थापक शेयरधनीहरूले तोकिएको ढाँचामा *(बैंक/वित्तीय संस्था संस्थापना एवं वित्तीय कारोवार गर्ने इजाजतपत्र सम्वन्धी नीतिगत एवं प्रकृयागत व्यवस्था: २०६३ को संशोधित अनुसूची ३ को बुँदा नं. १६ को विवरण)* लगानी हुने रकमको आयस्रोतसम्बन्धी विवरण अनिवार्य रूपमा पेश गर्नुपर्ने छ । सो को अभिलेख सम्बन्धित बैंक तथा वित्तीय संस्थाले अद्यावधिक गरी राख्नुपर्ने तथा सो सम्बन्धी सम्पूर्ण अभिलेखको प्रतिलिपि यस बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभागमा समेत पेश गर्नुपर्ने छ ।

७. **हकप्रद शेयर (Right Share) सम्बन्धमा:**

तोकिएको पूँजीकोष अनुपात कायम गरेका बैंक तथा वित्तीय संस्थाहरूको हकमा हकप्रद शेयर जारी गर्दा कुनै शेयरधनीले खरिद नगरेमा वा शेयर खरिद गर्ने हक अरूलाई बिक्री वा हस्तान्तरण नगरेमा त्यसरी बिक्री हुन नसकेको हकप्रद शेयरको अंश स्वत: खारेज गर्नुपर्ने छ । यसरी खारेज गर्नुपर्ने अवस्थामा प्रत्येक वर्ष समानुपातिक रूपमा चुक्ता पूँजी वृद्धि गर्दै लैजानु पर्ने यस बैंकको प्रावधान पालना गर्ने प्रयोजनका लागि त्यस्तो खारेजी गर्नु परेको शेयरको रकमको हदसम्मलाई आगामी वर्षमा समायोजन गर्न सकिने छ ।

भवदीय,

(केशवराज आचार्य)
निर्देशक

बोधार्थ :

१. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
२. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
३. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, लघु वित्त विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, राष्ट्र ऋण व्यवस्थापन विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा ।
७. श्री नेपाल राष्ट्र बैंक, बैंकिंग कार्यालय, थापाथली तथा जिल्ला स्थित कार्यालयहरु ।
८. श्री नेपाल धितोपत्र बोर्ड, थापाथली, काठमाण्डौं ।
९. श्री नेपाल स्टक एक्स्चेन्ज लि., सिंहदरवारप्लाजा, काठमाण्डौं ।
१०. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
११. श्री विकास बैंक तथा वित्तीय संस्था संघ नेपाल, बबरमहल, काठमाण्डौं ।
१२. श्री नेपाल वित्त कम्पनी संघ, बागदरवार, विजनेस कम्प्लेक्स, काठमाण्डौं ।